## कोरोना भाइरससम्बन्धी प्रदेश २ को अवस्था
## धनुषा । ०७७ बैशाख ५ गते

प्रदेश २ मा बैशाख ५ गतेसम्म ५ सय ४५ जनाको स्वाब संकलन गरिएकोमा हालसम्म ५ सय ८ जनाको रिपोर्ट आएको छ । जसमध्ये ५ सय ४ जनाको स्वाब परीक्षण रिपोर्ट निगेटिभ आएको छ भने चार जनाको रिपोर्ट पोजेटिभ आएको छ । ३७ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।

त्यस्तै वैशाख ५ गतेसम्म प्रदेशको आठ वटै जिल्लामा ९ सय ६ जनाको न्यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) किटबाट परीक्षण गरिएकोमा ९ सय ४ जनाको नेगेटिभ आएको छ भने दुई जनाको पोजेटिभ देखिएको छ । सप्तरीका दुई जनामा कोरोना सङ्क्रमण पोजेटिभ देखिएपनि पिसिआर प्रविधिबाट गरिएको स्वाब परीक्षण रिपोर्ट भने नेगेटिभ आएको प्रदेश २ सरकार सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

हालसम्म आठ वटै जिल्लाको १ सय ६२ वटा क्वारेन्टाइनमा १ हजार ४७ जना छन् भने चिकित्सकको सल्लाह अनुसार १ हजार ६ सय ८३ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ ।

प्रदेश २ अन्तर्गतका सिरहामा ६, धनुषामा दुई, बारामा दुई र पर्सामा चार गरी १४ जनालाई आइसोलेसन वार्डमा राखिएको छ । प्रदेशमा आइसोलेसन बेड क्षमता २ सय २० रहेको छ ।

प्रदेश नं. २ मा ६ वटा सरकारी अस्पताललाई स्तरोन्नती गरी ५०-५० शैयाका कोभिड उपचारयुक्त अस्पतालमा स्तरोन्नती गर्न लागेको सामाजिक विकास मन्त्रालयले जनाएको छ । महोत्तरीको जलेश्वर अस्पताल, पर्साको पोखरिया, सप्तरीको भारदह, धनुषाको डुमरिया, बाराको कलैया अस्पताल र जनकपुरको प्रादेशिक अस्पताल कै परिसरमा रहेको नर्सिङ कलेजमा कोभिड अस्पताल बनाउन लागेको हो ।

पर्साका प्रमुख जिल्ला अधिकारी बिष्णुप्रसाद कार्कीको अध्यक्षतामा बैशाख ५ गते बसेको बैठकले आपूर्ती व्यवस्था सहज गर्न अत्यावश्यक बस्तुहरु खाद्य, किराना, पानी, ग्याँसको बिक्री बितरणका पसलहरु बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म खुला राख्ने निर्णय गरेको छ । औषधी पसल भने २४ घण्टा खुला रहनेछ । खुला स्थानमा तरकारी र फलफूलको बिक्री बितरणलाई भने रोक लगाएको छ भने होम डेलीभरि गर्न दिने निर्णय गरेको छ ।

सर्लाहीको रामनगर गाउँपालिकामा लकडाउनबाट प्रभावित वास्तविक परिवारहरुको नाम छुटाएको भन्दै स्थानियहरु आक्रोशित भएर ढुङ्गामुढा गरेका छन् । यसैबिच आक्रोशित भिडले ढुङ्गामुढा गर्दा दुई प्रहरी हवल्दार घाइते भएका छन् । ढुङ्गामुढा गर्नेलाई सार्वजनिक मुद्दा नलगाएसम्म राहत वितरण कार्यक्रम अनिश्चितकालको लागि बन्द गरिएको गाउँपालिका प्रमुख कृष्ण बर्माले बताउनु भएको छ ।

रौतहको गौरमा बैशाख ५ गते लकडाउनको बेला बाहिर बसेका व्यक्तिहरूलाई घरभित्र जाउ भनेर सम्झाउन खोज्दा प्रहरी माथि नै आक्रमण भएपछि प्रहरीले बल प्रयोग गरेको एसपी रविराज खड्काले बताउनु भयो । एसपी खड्काका अनुसार गस्तीमा गएका प्रहरीमाथि स्थानीयले आक्रमण गर्दा प्रहरी हवल्दार महेश खड घाइते हुनु भएको छ । घाइते खडको उपचार जिल्ला अस्पताल गौरमा भइरहेको छ । प्रहरीले गौर नपा-३ का २२ वर्षीय विवेक यादव, सोही ठाउँका २६ वर्षीय राहुल यादव, २९ वर्षीय राजीव यादव र ३० वर्षीय अभिषेक यादवलाई नियन्त्रणमा लिएको छ ।

साथै, कोरोना भाइरस रोकथाम तथा न्यूनिकरणका लागि जिल्लामा भएको प्रयास तथा लकडाउनका कारण समस्यामा परेका अतिविपन्न समुदायलाई स्थानीय तहबाट भइरहेको राहत बितरण सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधि मार्फत बैशाख ५ गते प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था यसप्रकार छ ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेलका अनुसार** राजविराज नगरपालिकाको तीन वटै क्वारेन्टाइन बैशाख ५ गते खाली भएका छन् । राजविराज नगरपालिका-२ स्थित साइकृष्ण कलेज एण्ड हस्पिटलमा बाँकी रहेका तीन जना, वडा नम्बर-४ स्थित इस्लाम मियाँको घरमा रहेका आठ जना र वडा नम्बर-९ मलेठस्थित मस्जिदबाट २३ जनालाई आ-आफ्नो घर पठाएपछि राजविराजको तीन वटै क्वारेन्टाइन खाली भएका हुन् ।

कोभिड-१९ को सङ्क्रमण रोकथाम गर्ने उद्देश्यका साथ बनाइएको क्वारेन्टाइनमा १४ दिनको अबधि पूरा गरेसँगै क्वारेन्टाइन खाली भएको राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदनकुमार थापाले बताउनु भयो । राजविराजको तीन वटा क्वारेन्टाइनमा ७० शैया रहेको थियो ।

क्वारेन्टाइनमा १४ दिनको अवधि पूरा गरी घर फर्किसकेकाले क्वारेन्टाइनहरू खाली भएको र होम क्वारेन्टाइनमा बस्न भनिएको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादवले बताउनु भयो । भारत तथा तेस्रो मुलुकबाट आएका व्यक्तिबाट कोरोना भाइरस फैलिने खतरालाई दृष्टिगत गर्दै राजविराजसहित सप्तरीको १८ वटै स्थानीय तहले क्वारेन्टाइन सञ्चालन गरेका छन् ।

मुलुकभरि लकडाउनका कारण भारत र अन्य मुलुकबाट आउने क्रम रोकिएसँगै यहाँ स्थापना गरी सञ्चालनमा आएका क्वारेन्टाइनहरू बिस्तारै खाली हुँदै गएको स्वास्थ्य कार्यालयले जनाएको छ । सप्तरीमा रहेका ३२ मध्ये १३ वटा क्वारेन्टाइन पूर्णतया खाली भएका छन् भने अन्य १९ ठाउँमा समेत बस्नेको सङ्ख्या कम हुँदै गएको छ ।

हालसम्म १७ महिला र ५ सय २१ पुरुष क्वारेन्टाइनमा राखिएकोमा १५ महिला र ३ सय ४५ पुरुष निगरानी अवधि सकेर घर फर्किसकेका छन् । निगरानी अवधि सकिए पछि सबैको आरडिटी परीक्षण गरेर नेगेटिभ रिपोर्ट आएपछि घर फर्काइएको हो । सप्तरीमा आरडिटी परीक्षण सुरु हुनु अगावै क्वारेन्टाइनबाट घर फर्किसकेकाहरूको घरमै गएर स्वास्थ्यकर्मीहरूले द्रुत परीक्षण गर्न थालेका छन् ।

सप्तरीमा रहेका ३२ ओटामध्ये पाँच ओटा क्वारेन्टाइनमा बैशाख ५ गते नौ जना पुरुष थप भएका छन् । सुरुङ्गा नपा-५ स्थित मसिलाल जनता मावि र अग्नीसाइर कृष्णसवरण गाउँपालिका-१ स्थित जनता मावि घोंघीदाहामा तीन/तीन जना, हनुमाननगर ककंालिनी नपा-२ स्थित सकरदही मावि, तिलाठी कोइलाडी गाउँपालिका-८ स्थित लक्ष्मी बल्लभ नरसिंह मावि र बलान बिहुल गाउँपालिका-१ स्थित स्वास्थ्य चौकी मल्हनियामा एक/एक जना पुरुष थपिएका हुन् ।

राजविराज नपा-९ मलेठस्थित मस्जिदबाट २३, महादेवा गाउँपालिका-३ स्थित मावि बथनाहाबाट ११, बलान बिहुल गाउँपालिका-१ स्थित स्वास्थ्य चौकी मल्हनियाबाट चार, हनुमाननगर ककंालिनी नपा-२ स्थित सकरदही माविबाट तीन, डाकनेश्वरी नपा-५ स्थित कचमावि पातोबाट दुई, अग्नीसाइर कृष्णसवरण गाउँपालिका-१ स्थित जनता मावि घोंघीदाहाबाट एक पुरुष र तिलाठी कोइलाडी गाउँपालिका-८ स्थित लक्ष्मी बल्लभ नरसिंह माविबाट एक महिला घर फर्किएका छन् । निगरानी अवधि पुगेर ४५ जना घर फर्किए पछि सप्तरीको क्वारेन्टाइनहरूमा बस्नेको सङ्ख्या बैशाख ५ गतेसम्म दुई महिला र १ सय ७६ पुरुष भएका छन् । दुई दिनको अवधिमा ७६ जना आफ्नो घर फर्किसकेका छन् ।

बैशाख ५ गतेसम्म राजविराजसहित कञ्चनरूप, हनुमाननगर ककंालिनी, बोदे बर्साइन, खडक र डाक्नेश्वरी नगरपालिका तथा तिलाठी कोइलाडी, अग्नीसाइर कृष्णसवरण, महादेवा, राजगढ, बलान बिहुल, छिन्नमस्ता, रुपनी, तिरहुत गाउँपालिकाको क्वारेन्टाइनमा बसेका १७ महिला र २ सय ३९ पुरुषको आरडिटी किटबाट द्रुत परीक्षण गरिएको छ ।

स्वास्थ्य कार्यालय सप्तरीका बरिष्ठ मलेरिया निरीक्षक नारायणप्रसाद राउतका अनुसार परीक्षण गरिएका २ सय ५६ मध्ये राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा दुई जनाको रिपोर्ट पोजिटिभ आएकोमा उहाँहरूको समेत पिसिआर प्रविधिबाट स्वाब परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएको थियो ।

आरडिटी पोजिटिभ आएका दुई जनाको परिवारका सदस्यहरुको समेत आरडिटी परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएको छ । राजविराजस्थित अस्पतालमा बैशाख ५ गते थप चार जनाको आरडिटी परीक्षण भएपछि अस्पतालमा आरडिटी परीक्षण गर्नेको सङ्ख्या ३७ पुगेको छ ।
राजविराजस्थित अस्पतालमा सञ्चालित 'फिभर क्लिनिक' मा बैशाख ५ गतेसम्म १ सय ६२ पुरुष र १ सय १४ महिलासहित २ सय ७६ जनाको ज्वरो परीक्षण गरिएको छ । बैशाख ५ गते चार पुरुष, तीन महिला, एक/एक बालक र बालिकाको ज्वरो परीक्षण गरिएको छ । ज्वरो परीक्षण गरिएकामध्ये ४६ जनालाई होम क्वारेन्टाइनमा र १७ जनालाई सम्बन्धित स्थानीय तहको क्वारेन्टाइनमा पठाइएको अस्पतालले जनाएको छ ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियारका अनुसार** जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले कोरोना परीक्षणको लागि आरडिटी किटबाट परीक्षण सुरु गरेको बताउनु भएको छ । लहान नगरपालिकामा रहेको क्वारेन्टाइनमा १० जनाको र सुखिपुर नगरपालिकामा रहेको क्वारेन्टाइनमा ६ जनाको गरी जम्मा १६ जनाको बैशाख ५ गते परीक्षण गरिएकोमा सबैको परिणाम निगेटिभ आएको उहाँले बताउनु भयो । बैशाख २ गतेबाट सुरु गरिएको आरडिटी परीक्षण बैशाख ५ गतेसम्म पाँच महिला सहित ९४ जनाको गरिएकोमा सबैको परिणाम निगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख यादवले जानकारी दिनु भएको छ ।
जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेका अनुसार क्वारेनटाइनमा कोरोना शङ्कास्पद विरामीहरुलाई निगरानीमा राख्ने क्रम जारी रहेको बताउनु भएको छ । वहाँका अनुसार केही व्यक्तिहरु क्वारेन्टाइनमा बसेर गइसकेका छन् भने बैशाख ५ गतेसम्म १३ महिला र ८७ पुरुष गरी १ सय जना क्वारेन्टाइनमा रहेका छन् । त्यसैगरी होम क्वारेन्टाइनमा ८ महिला सहति १ सय ६३ जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दिपेन्द्रप्रसाद सिंहका अनुसार** बटेश्वर गाउँपालिका-१ चित्रपुरमा लवकुश विकास प्रतिष्ठानको आयोजनामा ४० घरपरिवारलाई राहत सामग्री प्रदान गरिएको छ । बटेश्वर गाउँपालिका-१ निवासी स्वर्गीय रामबिलास महतोको स्मरणमा उहाँको पत्नी सुगिया देवीले कोरोना भाइरस (कोभिड (१९) को कारण लकडाउनमा परेर समस्यामा परेका वडा न. १ का अपाङ्ग, विधवा, गरिव तथा बिपन्न ४० घरपरिवारलाई राहत प्रदान गर्नु भएको हो ।
राहतमा पाँच किलो चामल, एक किलो दाल, एक किलो आलु, आधा किलो नुन, आधा लिटर खाने तेल र दुई पिस सावुन लगायतको सामग्री प्रदान गरिएको लवकुश विकास प्रतिष्ठानका अध्यक्ष करमविर महतोले बताउनु भयो ।
राहत बितरण कार्यक्रममा प्रतिष्ठानका पदाधिकारी, दाता परिवार, सञ्चारकर्मी, समाजसेवी लगायतको सहभागिता रहेको दाता परिवारका सदस्य रामउदगार महतोले बताउनु भयो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजय कुमार साहका अनुसार** प्रदेश नं. २ मा ६ वटा अस्पताललाई कोभिड उपचार केन्द्रका रूपमा स्तरोन्नति गर्न काम थालिएको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयले ६ वटा सरकारी अस्पताललाई स्तरोन्नति गरी ५०-५० शैयाका कोभिड उपचारयुक्त अस्पतालमा स्तरोन्नती गर्न लागेको हो ।
महोत्तरीको जलेश्वर अस्पताल, पर्साको पोखरिया, सप्तरीको भारदह, धनुषाको डुमरिया, बाराको कलैया अस्पताल र जनकपुरको प्रादेशिक अस्पताल कै परिसरमा रहेको नर्सिङ कलेजमा कोभिड अस्पताल

बनाउन लागेको छ । महोत्तरीको जलेश्वर, पर्साको पोखरिया र सप्तरीको भारदह अस्पतालमा हाल संचालनमा रहेको १५ शैयाबाट ५० शैयामा स्तरोन्नती गरिएको हो ।

धनुषा, डुमरियाको स्वास्थ्य केन्द्रलाई पनि स्तरोन्नति गरेर ५० शैयाको बनाइने सामाजिक विकासमन्त्रि नवलकिशोर साहले जानकारी दिनु भयो । उहाँले बाराको कलैया अस्पताल ५० शैया रहेपनि त्यहाँ भेन्टिलेटर र आइसीयूसहितका पूर्वाधार थपिने बताउनु भयो ।

मन्त्रीले साहले भन्नु भयो,-'कोभिड उपचारका लागि ६ वटै अस्पतालमा पूर्वाधार र प्राविधिक काम सुरु भइसकेको छ, जनकपुर नर्सिङ कलेजको भवनमा ५० बेडको थप आइसोलेसन वार्ड बनाइँदै छ ।'

उच्च जोखिममा रहेका प्रदेश नं. २ लाई कोरोनाको महामारी बढे भने प्रादेशिक अस्पताल जनकपुरको आइसोलेसन वार्डले मात्र थाम्न नसकिने अवस्था भएको हुँदा मन्त्रालयले नर्सिङ कलेज परिसरलाई कोभिड उपचार कै लागि प्रयोग गर्न पूर्वाधार थपेको हो ।

संघीय सरकारले प्रदेश नं. २ को प्रादेशिक अस्पताल जनकपुर, नारायणी अस्पताल बीरगंज र सगरमाथा अस्पताल राजविराजलाई कोभिड उपचार केन्द्र बनाएको छ । यी तीन अस्पतालमध्ये नारायणी र सगरमाथा अस्पताल संघकै मातहत छन् । अब प्रदेश सरकारले आफ्नै मातहतमा कोभिड उपचार केन्द्र स्थापना गर्न लागेको हो । मन्त्रीले साहले प्रदेशका सबै जनशक्ति र पूर्वाधार कोभिड नियन्त्रण र उपचार मै केन्द्रित हुने बताउँदै उहाँले भन्नु भयो,-'सरकारी अस्पताललाई बजेटको कमी हुन दिएका छैनौं ।'

समाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले मन्त्रालयले सरकारी अस्पतालहरूलाई कोभिड विशेष उपचार केन्द्रमा परिणत गर्न जलेश्वर अस्पताललाई ८ करोड, कलैया अस्पताललाई ७ करोड, सिरहा अस्पताललाई ८ करोड, प्रादेशिक अस्पताल जनकपुरलाई २२ करोड रुपियाँ उपलब्ध गराएको बताउनु भयो । उहाँले अरू अस्पतालहरु रकम माग गर्ने क्रममा रहेको बताउनु भयो ।

सचिव डा. घिमिरेका अनुसार अस्पताललाई आवश्यक सामान खरिदको सबै प्रक्रिया मिले पनि लकडाउनले जहाज र कार्गो नचल्दा समयमै स्वास्थ्य उपकरण ल्याउन मुस्किल भइरहेको छ । उहाँले भन्नु भयो,-'अहिले नेपालमै उपलब्ध समान जुटाएर काम चलाइँदै छ ।'

त्यसैगरी पर्सामा एकैपटक तीन जनामा कोरोना भाइरस पुष्टि भएपछि संघीय सरकारले बीरगंजको नारायणी अस्पताललाई स्वाब परीक्षणका लागि पीसीआर मेसिन उपलब्ध गराएको छ । कोरोना भाइरसको उच्च जोखिम रहेको बीरगंजमै स्वाबको परीक्षण गराउन सरकारले दैनिक करिब ३ सय जनाको परीक्षण हुने पीसीआर मेसिन बैशाख ३ गते पठाएको बताइएको छ ।

प्रदेश सरकार मार्फत हस्तान्तरण हुने भनिए पनि संघले अस्पताललाई सीधै प्रदान गरेको छ । मेसिन बुझ्न सामाजिक विकास मन्त्रालयका कर्मचारी काठमाडौं गएपनि संघीय सरकारले नारायणी अस्पताललाई नै सिधै उपलब्ध गराउने जानकारी गराइएको मन्त्रालयले जनाएको छ ।

पीसीआर मेसिनबाट बैशाख ७ गते आइतबारदेखि परीक्षण थालिने नारायणी अस्पतालले जनाएको छ । अहिले पीसीआर मेसिन राख्ने ल्याबको काम भइरहेको छ । बीरगंजमा मेसिन जडान भइसके पश्चात प्रदेश नं.२ मा कोरोना भाइरसको स्वाब परीक्षण जनकपुर र बीरगंज दुबै ठाउँबाट हुने छ ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साहका अनुसार** सरकारले गरेको लकडाउनको कारण काठमाडौँमा प्रभावित भएको गरिब तथा ज्याला मजदुरी गरेर खाने जिल्लावासीहरुलाई नेकपा सर्लाहीद्वारा राहत वितरण गरिने भएको छ । सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सर्लाहीको जिल्ला कमिटीको अध्यक्ष रेवती पन्तले रोजगारीको सिलसिलामा काठमाडौं गएका गरिब तथा ज्याला, मजदुरी गरी खाने नागरिकहरुलाई राहत वितरण गरिने बताउनु भएको छ ।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड १९ (कोरोना भाइरस) को सङ्क्रमण रोक्नका लागि चैत ११ गतेबाट थालिएको लकडाउन तेस्रो पटक बढाउने सरकारले निर्णय गरेको छ र मन्त्रिपरिषदको बसेको बैठकले लक डाउन १२ दिन बढाएर वैशाख १५ गतेसम्म गर्ने निर्णय गरेपछि देशको सबै जिल्लाबाट कामको सिलसिलामा राजधानी पुगेको हजारौं नागरिकहरु काठमाडौंमा अलपत्र परेको छ तथा दैनिक मजुदुरी, ज्याला गरी राजधानीमा जिविकोपार्जन गर्ने हजारौं सलार्हीवासी पनि प्रभावित भएको छ ।

लकडाउनको सवारी साधनको आवतजावत पूर्ण रुपमा बन्द भएपछि तत्काल काठमाडौं उपत्यकाबाट गाउँ फर्किने सम्भावना नरहेको नेकपा सर्लाहीको जिल्ला कमिटीको अध्यक्ष पन्तले बताउनु भएको छ । काठमाडौंमा फसेको जिल्लावासीहरुलाई पहिचान गरी दैनिक उपभोगको सामग्रीको अभाव सृजना नहोस भनेर, त्यस्ता नागरिकहरुलाई पहिचान गरी चामल, दाल, तेल तथा नुन वितरण गरिने र काठमाडौंमा सम्पर्क मञ्चको संयोजनमा निम्न फोन नम्बरमा सम्पर्क गरी राहत प्राप्त गर्ने सर्लाही बासीहरुलाई आह्वान गरेको नेकपा सर्लाहीका अध्यक्ष पन्तले बताउनु भएको छ । सम्पर्क व्यक्तिहरु क्रमशः नेकपा सर्लाही जिल्ला कमिटी ९८५४०३५८०७, सन्तोष दाहाल ९८५१११८३२४, जिएन मैनाली ९८५४०३७५६५, राजु थापा ९८५१०४३२८७, शंकर रायमाझी ९८५१०८५७३०, निशान थापा ९८५१०३९५८८, श्याम श्रेष्ठ ९८४४१५१२८७ रहेका छन् ।

रामनगर गाउँपालिकामा लकडाउनबाट प्रभावित वास्तविक परिवारहरुको नाम छुटाएको भन्दै स्थानियहरु आक्रोशित भएर ढुङ्गामुढा गरेका छन् । रामनगर गाउँपालिका-४ गाउँपालिकाको कार्यालय अगाडी आक्रोशित स्थानिय भिडले ढुङ्गामुढा गर्दा गाउँपालिकामा लगाइएको दुई वटा एलइडि वोर्ड फुटेर नष्ट भएको छ भने टेबुल एक थान र कुर्सी एक थान भाचिएको गाउँपालिकाको कार्यालयले जनाएको छ ।

गाउँपालिका अध्यक्ष कृष्ण बर्माले लकडाउनबाट बास्तविक पीडित परिवारहरुको नाम नराखी पार्टीगत रुपमा आफ्ना कार्यकर्ताको नाम मात्र राखेको भन्दै गाउँपालिकाका कार्यालयमा आक्रोशित स्थानीयहरुले ढुङ्गामुढा गरेको रामनगर गाउँपालिकाका स्थानियका युवा चुनचुन केशरीले जानकारी गराउनु भएको छ ।

आफूले सर्वदलीय वडा समितिबाटनै राहत वितरणको लागि नाम छाने पनि स्थानियहरु विरोध गर्दै एक्कासी आएर ढुङ्गामुढा गर्न थालेको रामनगर गाउँपालिकाका प्रमुख बर्माले जानकारी गराउनु भएको छ । गाउँपालिका भरीमा सर्वदलीय वडा समितिबाट ६ सय प्रभावित परिवारहरुको नाम छानिएको र वडा नं. ४ मा १ सय अति विपन्न परिवारहरुको नाम छानेर राहत वितरण गर्दा स्थानियहरु वडामा भएको ७ सय परिवारहरुलाई राहत पाउनु पर्ने माग गर्दै एक्कासी ढुङ्गामुढा गर्न थालेको र आफुले पारदर्शी तरिकाले राहत वितरण गर्दा पनि स्थानियहरुले विरोध गर्नु दुःखद भएको उहाँले बताउनु भयो । स्थानियहरुले ढुङ्गामुढा गर्दा एलईडि बोर्ड, कुर्सी, टेबल गरी अन्दाजी ३ लाख रुपियाँ बराबर सम्मको क्षति भएको र ढुङ्गामुढा गर्नेलाई सार्वजनिक मुद्दा नलगाएसम्म राहत वितरण कार्यक्रम अनिश्चितकालको लागि बन्द गरिएको गाउँपालिका प्रमुख बर्माले बताउनु भएको छ ।

गाउँपालिकाले प्रभावित ९१ परिवारहरुलाई चामल २५ किलो, दाल दुई किलो, चिनी दुई किलो, नुन दुई किलो, हात धुने साबुन दुई पिस र सेनिटाइजर एक पिस वडा नं. २ मा वितरण गरे पश्चात वडा नं.४ मा वितरण गर्दा विवाद भएको थियो । यसैबिच आक्रोशित भिडले ढुङ्गामुढा गर्दा दुई प्रहरी हवल्दार घाइते भएका छन् । समान्य घाइते भएका प्रहरी हवलदारहरु बरहथवाको अस्पतालमा उपचार पश्चात कार्यालय फर्किसकेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायव उपरीक्षक मदन कुँवरले जानकारी दिनु भएको छ ।

राहत वितरण कार्यमा पनि ढुङ्गामुढा हुने राम्रो संकेत नभएको र एकदम दुखद विषय भएको छ र राहत वितरण कार्यक्रमको सम्पुर्ण अधिकार गाउँपालिकाको भएकोले आफुहरु सहजिकरण गरीदिने सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीले बताउनु भएको छ ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिनाका अनुसार** जिल्लाको विभिन्न क्वारेन्टाइनमा बस्दै आएका ३ सय ५६ मध्ये बैशाख ५ गतेसम्म १ सय ७० जना घर फर्किसकेका छन् भने विदेशबाट आएका अझै १ सय ८६ जना क्वारेन्टाइनमा रहेका छन् । कोरोना भाइरस सङ्क्रमणको आशङ्का गरिएकाहरुको स्वाब परीक्षण गरेर नेगेटिभ रिपोर्ट आएपछि उनीहरुलाई घर फर्काइएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ । स्वाबको पीसीआर परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा काठमाडौं पठाइएकोमा १ सय ६२ जनाको परीक्षणमा नेगेटिभ आएको छ भने गत हप्ता एक जनाको पोजेटिभ आएको थियो । उनको नारायणी उपक्षेत्रिय अस्पतालमा उपचार भैरहेको छ । ३० जनाको रिपोर्ट आउन बाँकी रहेको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ ।
गत चैत ४ गते कतारबाट फर्किएर घरमै बसेका चन्द्रपुर नपा-१ बागमतीका ३३ वर्षीय एक युवकलाई प्रहरीसहितको चिकित्सक टोलीले बैशाख ४ गते क्वारेन्टाइनमा पुऱ्याइएको छ । कतार एयरबेजको फ्लाइट क्युआर ६४४ बाट गत चैत ४ गते आएकाहरुको अवस्था पत्ता लगाउने क्रममा प्रहरीले चन्द्रपुर नपा-१ बागमती गाउँबाट उहाँलाई नियन्त्रणमा लिएर क्वारेन्टाइनमा लगेको हो । कतार एयरबेजको सो फ्लाइटमा चढेका एक युवतीमा कोरोना सङ्क्रमण देखिएपछि प्रहरी प्रधान कार्यालयले सबैको खोजीका लागि देशभरिकै प्रहरी युनिटलाई पत्राचार गरेको थियो । "उनी चढेको फ्लाइटमा सङ्क्रमण देखिएकोले कन्ट्याक ट्रेसिङ गर्दै घरबाटै नियन्त्रणमा लिएर क्वारेन्टाइनमा पठाएका छौं ।"-ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपी हेमबहादुर शाहीले भने-"ऱ्यापीड डाइग्नोस्टिक टेस्ट (आरडीटी) विधिबाट परीक्षण गर्दा नेगेटिभ देखिएपछि बैशाख ५ गते पुनः स्वाब टेस्ट गराउँदैछौं ।" सरकारले विदेशबाट आएकाहरुलाई कम्तीमा पनि दुई साता क्वारेन्टाइनमा बस्न आह्वान गरेपनि जनप्रतिनिधिहरुले समेत घटना लुकाएको डिएसपी शाहीले बताउनु भयो । कतारबाट फर्केका युवकलाई उनका दाजु चन्द्रपुर नपा-१ का वडा अध्यक्षले घरमै राखेका थिए । सोही विमानबाट आएका रौतहटको साबिक रंगपुरका अर्का व्यक्तिको पनि खोजी भइरहेको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जानकारी दिएको छ ।
लकडाउन उल्लङ्घन गरी प्रहरीलाई जिस्क्याउने समूहलाई सम्झाउन खोज्दा गौरमा बैशाख ५ गते सामान्य झडप भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । बाहिर बसेको व्यक्तिलाई घरभित्र जाउ भनेर सम्झाउन खोज्दा प्रहरीमाथि नै आक्रमण भएपछि बल प्रयोग गरेको एसपी रविराज खड्काले बताउनु भयो ।
एसपी खड्काका अनुसार गस्तीमा गएको बेला लकडाउन उल्लङ्घन गर्नेहरुसँग कुरा गर्दा आक्रमक भएर प्रहरी हवल्दार महेश खड्को अण्डकोषमा ढुङ्गाले हानेर घाइते बनाएपछि प्रहरीले आत्मरक्षाको लागि चाहदा नचाहदै बल प्रयोग गरेको हो । घाइते प्रहरी हवल्दार खड्को जिल्ला अस्पतालमा उपचार भइरहेको छ ।
प्रहरीले गौर कारागारका जेलर शम्भु यादवका छोरा गौर नपा-३ का २२ वर्षीय विवेक यादव, सोही ठाउँका २६ वर्षीय राहुल यादव, २९ वर्षीय राजीव यादव र ३० वर्षीय अभिषेक यादवलाई नियन्त्रणमा लिएको छ ।
अर्को तर्फ यस घटनामा प्रहरी कै गल्ती रहेको प्रत्यक्षदर्शीले दावी गरेका छन् । घर अगाडि फोनमा कुरा गरिरहेको व्यक्तिलाई प्रहरीले अचानक कुटपिट गर्न थालेपछि बचाउका लागि दूई चार जना

आएको र प्रहरीसँग झडप भएको स्थानीयको भनाई छ । झडप हुँद प्रहरीले महिलासहित केहि पुरुषलाई निर्मम तरिकाले तीन–चार जना प्रहरीले एक जनालाई कुटपिट गरेको स्थानियको आरोप छ। जिल्लाको चन्द्रपुर नगरपालिकामा लकडाउनका कारण मानसिक सन्तुलन गुमाएकाहरु भोकभोकै भएका छन् । पूर्व-पश्चिम राजमार्गमा पर्ने चन्द्रनिगाहपुरमा बाहिर जिल्लाबाट समेत मानसिक सन्तुलन गुमाएकाहरुलाई ल्याएर छाडिने गरीएको थियो । चन्द्रनिगाहपुर पुर्व-पश्चिम राजमार्गमा चल्ने बसले खाना खाने स्थानका रुपमा समेत परिचित रहेका कारण बाहिरी जिल्लाका मान्छेले खान पाउँछन् भनेर ल्याएर छाडिदिने गरेका थिए। पछिल्लो समय लकडाउनका कारण उनीहरु राजमार्गमा भोकभोकै बस्न बाध्य भएका छन्। स्थानिय तहले समेत उनीहरुको व्यवस्थापनमा चासो नदिएका कारण उनीहरु भोकै मर्ने अवस्थामा पुगेको चन्द्रनिगाहपुरका स्थानिय युवा रविराना मगरले बताउनु भयो। चन्द्रनिगाहपुरको मुख्य चोकमा मात्र दुई दर्जन बढि मानसिक सन्तुलन गुमाएका महिला तथा पुरुष रहेको स्थानियको अनुमान रहेको छ । केही स्थानियले यस्ता मानसिक सन्तुलन गुमाएकाहरुलाई खान नदिने गरेको भएपनि अधिकाँश राजमार्गमै भौतारिने गरेका छन्। चन्द्रपुर नगरपालिकाले मानसिक सन्तुलन गुमाएर चोक बजारमा यत्रतत्र भोकै हिडन बाध्य रहेकाहरुको लागि खानाको व्यवस्था गुर्नपर्ने चन्द्रनिगाहपुरका स्थानिय युवा मुकेश गिरीले बताउनु भयो । लकडाउनका कारण यहाँका होटलहरु समेत बन्द रहेका कारण उनीहरुले भोकै बस्नुपर्ने बाध्यता रहेको छ। मानसिक सन्तुलन गुमाएकाहरुको अवस्था नाजुक रहेको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहापुरका इन्स्पेक्टर राजन थापाले जानकारी दिनु भयो । जनप्रतिनिधिहरु कोरोनाको महामारी बिच राहत बाँड्न व्यस्त रहेका बेला राजमार्गमा मानसिक सन्तुलन गुमाएकाहरु भने भोकै मर्नुपर्ने अवस्था आएको चन्द्रनिगाहापुरका व्यापारी राजेन्द्र तिवारीले बताउनु भयो। आज केही मानसिक सन्तुलन गुमाएर भोकै बस्न बाध्य रहेकाहरुलाई चन्द्रनिगाहापुरमा रहेको प्रणामी डेरीका संचालक जानुका सापकोटाले खाना खुवाउनु भयो।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेलका अनुसार** जिल्लामा कोरोना भाइरसको सङ्क्रमितका लागि स्थापना गरिएको क्वारेन्टाइन बेड क्षमता ४ सय ४ रहेको छ। जिल्लामा बैशाख ५ गतेसम्म ४९ जना क्वारेन्टाइनमा रहेको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत ओम खड्काले बताउनु भयो। उहाँले ७० जना होम क्वारेन्टाइनमा रहेको र जितपुर सिमरामा दुई जना आइसोलेसनमा रहेको बताउनु भयो । जिल्लामा र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) विधिबाट ६० परीक्षण गर्दा सबै नेगेटिभ आएको उहाँले बताउनु भयो।
कलैया उपमहानगरपालिका-१ मुख्य चौकमा सर्बसाधारणका लागि हातधुन राखेको पानी र साबुन सकिएकाले शान्ति सुरक्षामा खटिएका शुरक्षाकर्मी र अति आवश्यक औषधी र खाद्यान्न खरिद गर्न गएका नागरिकलाई समस्य भएको गुनासो आएको भन्दै प्रदेस सभा सदस्य पारस साहले समयमा उक्त सामग्रीहरु परिपूर्ति गर्न उपमहानगरपालिकाको कार्यालयलाई सुझाव दिनु भएको छ। स्थानीय सरकार, प्रशासनले नागरिकको स्वास्थ्यमा ध्यान दिने विषयमा निरन्तर निगरानी गर्ने र नागरिकलाई सचेत हुन समाजसेवी रविन्द्र गिरीले आग्रह गर्नु भयो।
ट्रेड युनियन काङ्ग्रेस जिल्ला कार्य समितिका कोषाध्यक्ष चन्देश्वरप्रसाद यादवले इन्सेक अनलाइनका माध्यमले भारतको सीमाना र जिल्ला बाहिरबाट घर आउँदै गरेका मजदुरलाई खाने, बस्ने व्यवस्था गर्नका लागि सरकारसँग माग गर्नु भएको छ । उहाँले बालबालिका, महिला र पुरुषको समस्या सुनेर सहयोग गर्न सरकारसँग आग्रह गर्नु भएको छ।

जितपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुखले कोरोना भाइरसबाट नागरिकको रक्षाका लागि कुनै पहल नगरेको सोही उपमहानगरपालिकाका प्रकाश कुमार लम्सालले बैशाख ५ गते एक पत्र मार्फत आरोप लगाउनु भएको छ । उहाँले उपमहानगरपालिकाले नागरिकको रक्षाका लाीग स्थानिय सरकारसँग आशा राखेकोमा नगर प्रमुखले कुनै पहल नगरेर नागरिकलाई निरास बनाएको आरोप लगाउनु भएको छ । नगर प्रमुख कृष्ण पौडेलले सरोकारवाला निकायसँगको सहकर्यमा ठोस योजना ल्याउने बताउनु भयो ।

देवताल गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजिवप्रसाद यादवले गाउँपालिकाले स्थापना गरेको कोरोना राहत कोषमा २५ हजार रुपियाँ प्रदान गर्नु भएको गाँउपालिकका अध्यक्ष चन्दनकुमार सिंहले बताउनु भएको छ । विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरसबाट बच्नका लागि लगाएको लकडाउनका कारण दैनिक ज्यालादरी गर्दै आएका अतिविपन्न परिवारलाई राहत वितरण गर्न खर्च गरिने अध्यक्ष सिंहले बताउनु भयो ।

कलैया अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट बिरेन्द्र मण्डल कोभिड १९ का आशङ्का गरिएका विरामी १४ जना रहेकोमा कलैया उपमहानगरपालिकाले स्थापना गरी सञ्चालन ल्याएको क्वारेन्टाइनमा पठाएकाले अस्पतालमा कोरोनाका विरामी नरहेको बताउनु भएको छ । उहँले कलैया अस्पतालमा स्वास्थ्य सामग्री अस्पताल प्रशासनले खरिद गरेको र आपूर्ति महाशाखाले केहि औषधी पठाएकाले सामान्य काम चलाएको बताउनु भयो । उहाँले विरामी आउँदै जादा औषधीको आवश्यक पर्ने भएकाले खरिद गर्ने प्रयास भइरहेको बताउनु भयो । उहाँले तत्कालका लागि स्वास्थ्यकर्मीलाई चाहिने पिपिई अस्पतालमा रहेको बताउनु भयो । प्रदेश सरकारले कलैया अस्पतललाई आवश्यक सामग्री उपलब्ध गराउने निर्णय गरेको उहाँले बताउनु भयो । कोरोना पोजेटिभ विरामी आएमा थप सतर्कता अपनाउनका लागि तयार रहेको उहाँले बताउनु भयो । उहाँले अस्पतलामा आएका विरामीलाई दैनिक परीक्षण गरिरहेको बताउनु भयो ।

बारागढी गाउँपालिकाका अध्यक्ष देवदत बछाडले गाउँपालिकामा साबुन र सेनिटाइजर बितरण गरेको र कोरोनाको समयमा नागरिकलाई अस्पताल लैजानका लागि निःशुल्क एम्बुलेन्स सेवा दिएको बताउनु भएको छ । नेपाल सरकारले तोकेको मापदण्ड अनुसार क्वारेन्टाइन संचालन गरेको उहाँले बताउनु भयो । उहाँले गाउँपालिकाले राहत वितरण गर्न राहत कोषमा ५० लाख रुपियाँ राखेको र प्रदेश सरकारले पठाएको १० लाख जम्मा गरी राहतका लागि नागरिकको विवरण संकलन कार्य भइरहेको बताउनु भयो ।

सुर्वण गाउँपालिकाका अध्यक्ष महेन्द्र राय यादवले प्रदेश सरकारका तर्फबाट १० लाख रुपियाँ गाउँपालिकाको खातामा जम्मा भएको बताउनु भएको छ । उहाँले सर्बदलीय बैठक बसेर वडामा नाम संकलन गरेको बताउनु भयो । उहाँले राहत वितरण गर्ने नामावली संकलन गर्दा सबै वडाबाट नाम अनुसार वितरण गर्दा धेरै घर परिवारको विवरण आएकाले बैशाख ५ गते गाउँपालिकाको कार्यालयमा विवाद भएर राहत वितरण कार्य रोकिएको बताउनु भयो । उहाँले गाउँपालिकाबाट औषधी खरिद गरी गाउँपालिकामा स्टकमा राखेको बताउनु भयो । उहाँले क्वारेन्टाइमा औषधी र उपचार मापदण्ड अनुसार व्यवस्था गरेको बताउनु भयो । उहाँले क्वारेन्टाइमा रहेका १४ जनालाई कुनै समस्यान भएको बताउनु भयो ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछानेका अनुसार** स्वास्थ्य विभाग काठमाडौं र प्रदेश सरकार मातहतको स्वास्थ्य निर्देशनालयको समन्वयमा जिल्लाका विभिन्न स्थानीय तहका क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको र्‍यापीड डाइग्नोस्टिक टेस्ट सुरू गरिएको छ ।

स्थानीय तहका जनप्रतिनिधिहरू र स्वास्थ्य शाखाको समन्वयमा पर्साका १४ वटा पालिकामध्ये ११ वटामा रहेका १ सय ८१ जना नेपाली र भारतीय नागरिकको परीक्षण सुरू गरिएको स्वास्थ्य विभागका प्रतिनिधि डा. नरेन्द्र खनालले जानकारी दिनु भयो । जिल्लाका अधिकाँश स्थानीय तहमा प्रारम्भिक चरणको र्‍यापीड डाइग्नोस्टिक टेस्टको नतीजा नेगेटिभ आइरहेको र बैशाख ३ गतेदेखि परीक्षण कार्यलाई तीव्रता दिएको डा. खनालले बताउनु भयो ।

प्रदेश सरकार मातहतको स्वास्थ्य कार्यालय, वीरगंजका स्वास्थ्य निरीक्षक जयमोद ठाकुरका अनुसार वीरगंज महानगरपालिकामा सय बेडको क्वारेन्टाइनमा ७७ पुरुष र दुई महिला गरी ७९ जना, जीराभवानी गाउँपालिकामा २० बेडको क्वारेन्टाइनमा आठ पुरुष र पाँच महिला गरी १३ जना, विन्दवासिनीमा १५ बेडको क्वारेन्टाइनमा दुई जना पुरुष, पर्सागढीमा तीन बेडको क्वारेन्टाइनमा तीन जना पुरुष, छिपहरमाई गाउँपालिकामा २५ बेडको क्वारेन्टाइनमा १९ पुरुष र पाँच महिला गरी २४ जना, पकाहामैनपुर गाउँपालिकामा १५ बेडको क्वारेन्टाइनमा १२ जना पुरुष, २० बेड रहेको पोखरिया नगरपालिकाको क्वारेन्टाइनमा आठ पुरूष र पाँच महिला गरी १३ जना, २० बेड क्वारेन्टाइन रहेको पटेर्वासुगौलीमा १३ पुरुष र तीन महिला गरी १६ जना, कालिकामाइमा १२ बेडको क्वारेन्टाइनमा ६ जना पुरुष, सखुवाप्रसौनीमा १० बेडको क्वारेन्टाइनमा दुई पुरुष र दुई महिला गरी चार जना र २० बेडको क्वारेन्टाइन रहेको धोबिनीमा नौ जना पुरुष गरी कुल ३ सय ८ बेडको क्वारेन्टाइन क्षमतामा १ सय ५९ पुरुष र २२ महिला गरी कुल १ सय ८१ जना क्वारेन्टाइनमा रहेका छन् ।

यसैगरी, नारायणी अस्पतालको आइसोलेशन वार्डमा तीन जना भारतीय र एक जना रौतहटका गरी चार जना कोरोना सङ्क्रमितको उपचार भइरहेको नारायणी अस्पतालका मेसु डा. मदन उपाध्यायले जानकारी दिनु भयो ।

पर्साका विभिन्न पालिकामा भएको र्‍यापीड टेस्टको नतीजा अनुसार चैत १ र २ गते २३ वटा परीक्षण गरिएकोमा पकाहामैनपुरको पाँच, छिपहरमाइको तीन, कालिकामाइको तीन, पटेर्वासुगौलीको १२ गरी २३ वटा रिपोर्ट नेगेटिभ आएको छ भने वीरगंजको छपकैयास्थित दुई वटा मस्जिद, वीरगंज-२६ सुगौलीका दुई वटा टोल र विभिन्न जमाती र जालीम मियाँको परिवारजनको गरी ७४ वटा रिपोर्ट पनि नेगेटिभ आइसकेको जनाइएको छ ।

प्रदेश २ सामाजिक विकास मन्त्रालय मातहत रहेको स्वास्थ्य निर्देशनालयले पर्साका विभिन्न पालिका अन्तर्गत र्‍यापीड टेस्ट गरिरहेतापनि वीरगंजमा कोरोना सङ्क्रमण देखिएका भारतीय नागरिक र वीरगंज, बसपार्कमा चियापसल सञ्चालन गर्ने महिला कैलाली पुगेपछि कोरोना सङ्क्रमण भएको थाहा पाएपछि यी चारै जनाको संसर्गमा आउने समुदाय र व्यक्तिहरूको कन्ट्याक्ट ट्रेसिङको काम थालिएसँगै उनीहरूको र्‍यापीड डाइग्नोस्टिक टेस्ट पनि सुरू गरिएको पर्साको लागि तोकिएको प्रदेश स्वास्थ्य निर्देशनालयका केन्द्रीय व्यक्ति मुक्तिनारायण साहले जानकारी दिनु भयो ।

वीरगंजमा पाँच वटा हटस्पट निर्धारण गरी स्थानीय प्रहरी र प्रशासनको समन्वयमा ती क्षेत्रहरूलाई शिल गरिएको र बैशाख ४ गतेदेखि ती क्षेत्रमा र्‍यापीड टेस्ट सुरू गरिएको छ । वीरगंजका वडा नं.. २ र ३ मा करीब ८० परिवारका ८ सय जना, बसपार्क क्षेत्रमा ५० जना, सुगौलीबिर्ताका दुई वटा टोलमा करीब ८० परिवारका ८ सय जना गरी १ हजार ७ सय जनाको र्‍यापीड डाइग्नोष्टिक टेस्ट (आरडिटी) परीक्षण गर्ने तयारी गरेको उहाँले जानकारी दिनु भयो ।

भारतीय तीन जना नागरिकसँग छपकैया र सुगौलीबिर्तामा सम्पर्कमा आएका र महिलासँग बसपार्क र उहाँ बस्ने डेरा आसपासका सबै जनालाई सम्पर्कमा ल्याई स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य निकायको योजना छ ।

भारतीय नागरिकहरू छपकैयाको दुई वटा मस्जिद र यतीमखानामा बसेका थिए भने उनीहरू सुगौलीबिर्ताको मस्जिदमा पनि गएको खुलेपछि छपकैया र सुगौलीबिर्ताका चार ठाउँ ट्रयाप गरिएको छ भने कैलालीकी महिला बसोबास र पसल सञ्चालन गर्ने क्षेत्रमा स्वास्थ्य परीक्षण भइरहेको जनाइएको छ।

प्रदेश सरकारले बैशाख २ गते केन्द्र सरकारबाट आएको ३ हजार पर्ने १ हजार आरबिटी किट पर्सा ल्याइएको छ भने आवश्यक पर्ने किटहरू पनि प्रदेश सरकारले पठाउने जानकारी गराएको छ। र्‍यापीड टेस्टका लागि किट बाहेक अन्य जनशक्ति लगायतको सम्पूर्ण व्यवस्थापन बीरगंज महानगरपालिकाले गर्दै आएको छ।

कोभिड १९ कमाण्ड पोष्ट पर्साको बैशाख ५ गते बसेको बैठकले लकडाउनको प्रभावकारिताका लागि नयाँ प्रबन्धहरु सार्वजनिक गरेको छ। पर्साका प्रमुख जिल्ला अधिकारी बिष्णुप्रसाद कार्कीको अध्यक्षतामा भएको बैठकले आपूर्ती व्यवस्था सहज बनाउनका लागि महत्वपूर्ण निर्णय गरेको छ। लकडाउनको आजसम्मको अवस्थाको विलेश्णात्मक समीक्षा पछि यस्तो निर्णयमा पुगेको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी तथा प्रवक्ता ललित कुमार बस्नेतले जानकारी दिनु भयो।

बैठकले अत्यावश्यक बस्तुहरु खाद्य, किराना, पानी, ग्याँसको बिक्री बितरणका पसलहरु बिहान ११ बजे देखि दिउँसो ३ बजेसम्म खुला राख्ने निर्णय गरेको छ। औषधी पसल भने २४ घण्टा खुला रहने छ। खुला स्थानमा तरकारी र फलफूलको बिक्री बितरणलाई रोक लगाएको छ भने होम डेलीभरि गर्न दिने निर्णय भएको छ। त्यसैगरि साँगुरा गल्ली, ठेलागाडा र चोकहरुमा पनि तरकारीको बिक्री बितरणलाई रोक लगाइएको छ।

बैठकले अत्यावश्यक बस्तुहरुको खरिद बिक्री गर्ने क्रममा कोरोना भाइरसको सङ्क्रमणको जोखिम हुन नदिन, भिडभाड हुन नदिन उपभोक्ताहरुलाई कम्तिमा तीन फिटको दुरी कायम गरि लाइनमा राख्नु पर्ने निर्णय गरेको छ। उपभोक्ता बीचको सामाजिक दुरीलाई कामय गर्ने कुराको जिम्मेवारी भने सम्बन्धित व्यवसायीको हुने निर्णय भएको प्रवक्ता बस्नेतले जानकारी दिनु भयो। व्यवसायीले ब्यपार मात्र गर्ने होइन सङ्क्रमण नफैलीयोस भन्ने कुराको ख्याल राख्दै आफ्ना उपभोक्तालाई तीन फिटको दुरीमा लाइनमा बसेर सामान लिन आग्रह गर्ने र त्यही अनुसारको व्यवस्थापन गर्नुपर्ने उहाँले बताउनु भयो। सङ्क्रमण नफैलियोस भन्नका लागि ब्यापारी र उपभोक्ता सबैले मास्कको प्रयोग अनिवार्य रुपमा गर्नु पर्ने निर्णय बैठकले गरेको छ। अत्यावश्यक सामान खरिद गर्न जादा सवारी साधनको प्रयोग गर्न नपाइने प्रबन्ध समेत गरिएको छ।

अत्यावश्क बस्तुहरु उत्पादन गर्ने उधोग तथा बिक्री गर्ने बितरकहरुले सङ्क्रमणको जोखिम नहुने गरि आफ्नो उद्योग वा प्रतिष्ठानमा कार्यरत कर्मचारी मजदुरहरुका लागि सेनिटाइजर, मास्क तथा पञ्जाको व्यवस्था गर्नु पर्ने निर्णय भएको छ। उद्योगले २५ जना भन्दा बढी ब्यक्तिहरु एक ठाउँमा जम्मा हुन नदिन र समाजिक दुरीलाई कायम राख्नु पर्नेमा ध्यान दिन र त्यसकुराको सुनिश्चिततताको लागि बीरगंज उद्योग बाणिज्य संघलाई जिम्मेवारी दिने निर्णय भएको प्रवक्ता बस्नेतले बताउनु भयो।

पर्सा जिल्लाका बिभिन्न क्वारेन्टाइनमा रहेका र १४ दिन पुगेकाहरुको आरडिटी टेस्ट गर्ने र नेगेटिभ रिर्पोट आएमा एक हप्ता होम क्वारेन्टाइनमा बस्ने गरि आवश्यक प्रक्रिया पुरा गरे आफन्तको जिम्मा लगाउने साथै पिसीआर गरि नेगेटिभ आएका जमाती बाहेकका लाई पनि होम क्वारेन्टाइनमा रहने गरि आफन्ताको जिम्मा लगाउने निर्णय भएको छ।

बैठकमा बीरगंज महानगरपालिकाका प्रमुख बिजय कुमार सरावगी, मेडिकल सुपरिटेण्डेण्ट डा.मदन कुमार उपाध्याय, बीरगंज महानगरका प्रमुख प्रशासकीय अधिकृत अरुण कुमार महतो, प्रमुख सेनानी मदनजंग राणा, एसपी गंगा पन्ता, सशस्त्र प्रहरी उपरिक्ष दिपेन्द्र कुँवर, उप अनुसन्धान निर्देशक कुमार

खडका र बीरगंज उधोग बाणिज्य संघका बरिष्ठ उपाध्यक्ष सुवोध गुप्ता लगायतको सहभागिता रहेको थियो ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**